अनुसूचि — १

(दफा ४ तथा अनुसूचि — १ को भाग — २ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः७४ मितिः२०८०/१०/१५

## भाग - २

## त्रिवेणी गाउँपालिका

**महिला विकास समूह/समिति तथा निगरानी समूह सञ्चालन कार्यविधि,२०८०**

आज्ञाले,

नामः प्रेम बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत

## महिला विकास समूह/ समिति, निगरानी समूह गठन, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको कार्यविधि, २०८०

**प्रमाणिकरण मितिः २०८०/१०/१४**

**प्रस्तावनाः** नेपालको संविधान, २०७४ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ मा गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा आवश्यक कानून बनाउन सक्नेछ भन्ने व्यवस्था अनुसार त्रिवेणी गाउँपालिकाले समूदायमा बसोबास गर्ने सम्पूर्ण महिलाहरुको सामाजिक आर्थिक राजनैतिक एवं साँस्कृतिक पक्षहरुमा अधिकतम सहभागिता बढाउनुका साथै महिला विकास सम्बन्धी गाउँपालिका स्तरीय नीति निर्माणदेखी कार्यान्वयन तहसम्म संलग्न गराई समग्र त्रिवेणीबासीको सर्वाङ्गीण विकासमा महिलाहरुलाई समावेश गरी सशक्तिकरण गराउन गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क)यस कार्यविधिको नाम **"महिला विकास समूह/समिति तथा निगरानी समूह सञ्चालन कार्यविधि,२०८०"** रहेको छ।
(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी त्रिवेणी गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अध्यक्ष"** भन्नाले त्रिवेणी गाउँकार्यपालिका अध्यक्ष सम्झनुपर्दछ।

(ख) **"उपाध्यक्ष"** भन्नाले त्रिवेणी गाउँकार्यपालिका उपाध्यक्ष सम्झनुपर्दछ।

(ग) **"कार्यपालिका"** भन्नाले त्रिवेणी गाउँकार्यपालिका सम्झनुपर्दछ।

(घ) **"गाउँपालिका"** भन्नाले त्रिवेणी गाउँपालिका सम्झनुपर्दछ।

(ङ) **"महिला तथा बालबालिका शाखा"** भन्नाले त्रिवेणी गाउँकार्यपालिकाको महिला तथा बालबालिका शाखा सम्झनुपर्दछ।

### परिच्छेद २
### महिला विकास समूहको गठन तथा उद्देश्य

३. **उद्देश्यः** महिला विकास समूह गठन गर्नुको मुख्य उद्देश्यहरु निम्नानुसार हुनेछनः

(क) टोल वस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा उक्त टोलबासीका महिलाहरुको पहुँच अभिबृद्धि गर्ने

(ख) गाउँ समूदायदेखि स्थानीय स्तरमा हुने विभिन्न कार्यक्रमहरुमा महिलाहरुको सहभागिता सुनिश्चित गर्ने

(ग) महिलाहरुलाई सामाजिक आर्थिक राजनीतिक लगायतका विषयहरुमा जागरुक गराउँदै उनीहरुको हक अधिकारप्रति सचेत गराउने ,

(घ) समाजमा विद्यमान लैङ्गिक असमानतालाई अन्त्य गर्दै सामाजिक न्याय एंव समाजनता कायम गर्ने,

(ङ) समाजमा पछाडि परेका /पारिएका महिलाहररुलाई विभिन्न सचेतनामूलक कार्यक्रममा सहभागी गराएर अगाडि बढ्न अभिप्रेरित गर्ने,

(च) विभिन्न सिपमूलक तालिमहरु सञ्चालन गरी आयआर्जनको क्षेत्रमा महिलाहरुलाई अगाडि बढाई आर्थिक रुपमा सबल हुन सहयोग गर्ने,

(छ) पिछडिएका क्षेत्रहरुमा भईरहेका महिला हिंसा,घरेलु हिंसा तथा मानव बेचबिखन जस्ता समस्याहरुबाट महिला तथा बालबालिकाहरुलाई जोगाउन सहयोग गर्ने,

(ज) समुदाय स्तरमा आपसी सद्भाव,समझदारी ,समन्वय ,मेलमिलाप एवं समताको भावना जागृत गराउने,

(झ) समाजका नीति निर्माण लगायत विकास निर्माणका कार्यमा महिलालाई अग्रसर गराउदै बौद्धिक एवं आर्थिक रुपमा सक्षम बनाउन सहयोग गर्ने,

४. **महिला समुह महिला समिति निगरानी समुहको गठनः** (१) टोल स्तरीय महिला समुहको गठन देहाय बमोजिम हुनेछ ।

(क) प्रत्येक घरबाट महिला सदस्य एक घर एक महिला रहने गरि टोल स्तरमा एक महिला समुह गठन हुनेछ ।

(ख) समूहमा आर्थिक रुपमा विपन्न,हिंसामा परेका महिला तथा लक्षित वर्गसमुहका महिलालाई प्राथमिकता दिनुपर्नेछ।

(ग) महिला विकास समुह सामुहिक भेला बाट मनोनित गरि अध्यक्ष उपाध्यक्ष सचिव कोषाध्यक्ष र आवश्यकता अनुसार महिला समुहको कार्यसमिति गठन हुनेछ।

(घ) महिला विकास समुह २० बर्ष उमेर पुरा भइ ६० बर्ष उमेर ननाघेको महिला सदस्य रहनेछन ।

(२) वडास्तरीय महिला समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) प्रत्येक टोलका प्रत्येक महिला समुहबाट बढीमा २/२जना सदस्य रहने गरी प्रत्येक वडामा बढीमा दुई वटा सम्म वडास्तरीय महिला समिति गठन गरिनेछ।

(ख) समितिमा वडास्थित महिला जनप्रतिनिधिको रोहवरमा बसेको समुहका प्रतिनिधिहरुको बैठकले समितिको अध्यक्ष उपाध्यक्ष सचिव कोषाध्यक्षको छनोट गर्नेछ।

(ग) एक वडामा दुई वटा समिति गठन गर्नुपर्ने भएका गाउँपालिकामा मनासिव कारण पेश गरेमा मात्र दोस्रो समिति दर्ता हुनेछ।

(घ) समितिमा सात (७) देखी आवश्यकताअनुसार पन्ध्र(१५) जना सम्मको कार्यसमिति गठन गर्न सक्नेछन।

(३) गाउँपालिका स्तरीय निगरानी समुहको गठन देहाय बमोजिम हुनेछ ।

(क)सम्पुर्ण वडाका महिला समुहहरुको निगरानि परिचालन सुपरीवेक्षण तथा व्यवस्थापन गर्नका निम्ति गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा १५ सदस्यीय गाउँपालिका स्तरीय निगरानी समुह गठन हुनेछ ।

(ख) गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वता अध्यक्षतामा प्रत्येक वडाको महिला समितिले सिफारिस गरेका मध्येबाट १/१जना सदस्य

(ग) उपाध्यक्ष बाट मनोनित दलित /जनजाति /विपन्न मध्येबाट ३ जना सदस्य

(घ) गाउँपालिकाको महिला तथा बालबालिका शाखा हेर्ने कर्मचारी सदस्य सचिव रहने ।

## परिच्छेद ३

## <u>महिला विकास समुह/समितिको दर्ता /सुचीकृत तथा पुरस्कार</u>

**५. <u>दर्ता /सुचिकृतः</u>** (१) महिला विकास समुहको दर्ता / सुचीकृत देहाय बमोजिम हुनेछः

(क) प्रत्येक टोलमा गठन हुने /भएका महिला विकास समुह/समिति गाउँपालिकाको महिला तथा बालबालिका शाखामा सुचीकृत हुनुपर्नेछ।

(ख) महिला विकास समुह/समितिको बैठकमा सर्वसम्मत गरेको निर्णय सम्बन्धी वडा कार्यालयको सिफारिस सहित आएको निवेदन माथी गाउँपालिकाले अनुसुची १ बमोजिमको विधानमा टेकेर दर्ता सुचिकृत गर्नेछ ।

(ग) महिला विकास समूह/समितिलाइ गाउँपालिकामा दर्ता /सुचिकृत गर्दा पेश गर्ने निवेदनको नमुना अनुसुचि -२ मा उल्लेखित गरिएको छ।

(घ) महिला विकास समुह/समितिबाट निर्णय गरी दर्ताको लागि निवेदन पेश गरेमा सम्बन्धित गाउँपालिकाले अनुसुची-३ बमोजिमको ढाँचामा महिला विकास समुह/समिति दर्ता प्रमाण पत्र प्रदान गर्नेछ ।

(ङ) समुह/समितिले गरेका बार्षिक कार्यक्रमहरुको प्रतिवेदन पेश गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ तीन महिना भित्र अनुसुची ४(चार) बमोजिमको ढाचामा समुह/समिति दर्ता /सुचिकृत नविकरण गर्नुपर्नेछ।

(२) महिला विकास समुह/समितिले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानुनले गर्न नपाउने कार्य गरेमा गाउँपालिकाले महिला विकास समुह/समितिको दर्ता खारेज गर्न सकिनेछ। दर्ता खारेज भएपछि सो स्थानमा नयाँ महिला विकास समूह/समिति गठन हुनेछ।

६. **<u>पुरस्कृत गर्ने</u>:** उत्कृष्ट काम गरी नमुनाको रुपमा विकास हुने कुनै तिन वटा सम्म महिला विकास समूह/सतितिलाई गाउँपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्नेछ।

## परिच्छेद - ४

## समूह/समितिका कार्यहरु

७. **<u>महिला विकास समुह, महिला विकास समिति तथा निगरानी समूहका कार्यहरू</u>:** (१) महिला विकास समूहको कामहरू देहाय बमोजिम हुनेछः

(क)समाजमा आयोजित विभिन्न सामाजिक राजनितिक कार्यक्रमहरुमा महिलाको सहभागिता सुनिश्चित्ता को लागी जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने।

(ख)एच.आई.भी एड्स, अन्धविश्वास,छाउपडिप्रथा,बालविवाह, बहुविवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रममहरू सञ्चालन गर्ने,

(ग) समाजमा हुने अन्याय, अत्याचार, विभिन्न घरेलु तथा महिला हिंसा विरुद्ध सामुहिक आवाज उठाउने,

(घ) महिला तथा बालबालिकाको, अधिकारको सुचिश्चितता गर्ने,

(ङ) विभिन्न सामाजिक,आर्थिक तथा जनसरोकारका विषयहरुमा महिलाहरुलाई जागरुक गराउने,

(च) आफ्नो समुदायलाई वातावरण तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

(छ)समुदायमा महिलाहरूको सशक्तिकरण तथा विकासका लागि विभिन्न स्रोतबाट प्राप्त साधन स्रोतको उच्चतम सदुपयोग गर्ने।

(झ)समुदायमा महिलाहरूलाई आयआर्जनका क्षेत्रमा अगाडि बढाउन आवश्यक तालिमहरु प्रदान गर्ने,टोल तथा गाउँ समाजका विभिन्न विकास निर्माणका कार्यहरुमा महिलाहरुको उच्चतम सहभागिता जनाउने।

(२) महिला समितिका कार्यहरू देहाय बमोजिम हुनेछः

(क)महिलाको हित हुने खालका कार्यक्रम तथा योजनाहरू माग गर्ने तथा विकास निर्माणमा वडा समिति प्रति समन्वयकारी भूमिका निर्वाह गर्ने।

(ख)वडाका प्रत्येक टोलहरूमा रहेका सवालहरू, विकृति तथा विसङ्गतिका विषयहरूमा घनिभूत छलफल गरी निराकरणका लागि वडा समक्ष सुझाव तथा सल्लाह दिने।

(ग) टोलमा हुने अपराधिक घटनाका विषयमा सत्य तथ्य सहित वडा तथा सम्बन्धित निकायमा जानकारी गराउने।

(घ) महिला विकास समितिले वडास्थित समन्वयकारी भुमिका निर्वाह गर्ने।

(ङ) गाउँपालिका र महिला विकास समूहलाई जोड्ने पुलको कार्य गर्ने।

(च) महिला विकास समूहलाई आवश्यक सम्पुर्ण सहयोग गर्ने।

(छ) महिला समूहले गर्ने कार्यक्रमहरूमा सहभागिता जनाउने।

(ज) गाउँपालिका तथा नमुना टोल निर्माणका लागि उपाय खोजि गरी लागु गर्ने।

(३) निगरानी समूहका कार्यहरू देहाय बमोजम हुनेछ,

(क) गाउँपालिका सँग नियमित सम्पर्कमा रहने।

(ख) महिला समूह तथा महिला समितिको निरीक्षण एवं सुपरिवेक्षण गर्ने।

(ग) महिलाका अधिकार, महिलाका विविध सवालहरूका विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने।

(घ) नमुना टोलस्तरीय महिला विकास समूह पहिचान गरी पुरस्कृत गर्नका लागि गाउँपालिकालाई सिफारिस गर्ने।

(ङ) महिलाहरूमा सचेतना अभिवृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारिस गर्ने।

(च) महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन् स्वस्थ्यको सुचिश्चितता गर्न गाउँपालिकालाई आवश्यक सुझाव सल्लाह दिने।

(छ) महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारिरिक, मानसिक, यौनजन्य मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने

(ज) महिलालाई शिक्षा, स्वास्थ्य रोजगारी तथा सामाजिक सुरक्षका सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने।

(झ) महिला समूहलाई विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नका लागि तालिम, जनचेतना तथा आवश्यक सहयोग गर्ने।

(ञ) गाउँपालिका तथा विभिन्न विभिन्न संघ संस्थाहरुबाट आएका तालिम, कार्यक्रम, सहयोगहरूलाई महिला समूहहरूसम्म न्यायोचित ढङ्गले पुऱ्याउने तथा महिलाहरुको आवश्यकतालाई ध्यानमा राखि गाउँपालिका तथा सम्बन्धित निकायसँग सहकार्य गर्ने।

## परिच्छेद ५
## महिला समुहको बैठक

८. **महिला विकास समुहको बैठकः** महिला विकास समुहको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछः

(क) महिला विकास समुहका सदस्यहरूको हित, सहयोग एवं समन्वयका लागि महिला समुहको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ।

(ख) समुहको बैठकम बडामा रहेको महिला समितिका प्रतिनिधिहरू, सामाजिक परिचालक लगायत अन्य सरोकारवालाहरूलाई आमन्त्रित गर्न सकिनेछ ।

## परिच्छेद ६
## विविध

९. यो कार्यविधि प्रचलित ऐन नियमहरुसँग बाझिएमा बाझिएका बुदाँहरु स्वतःखारेज हुनेछन।

१०. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको गाउँपालिकाको बैठकको निर्णय अनुसार फुकाईदिने।

११. यो कार्यविधि समयसापेक्ष र आवश्यकता अनुसार संसोधन गर्ने अधिकार त्रिवेणी गाउँपालिकामा रहने छ।

## अनुसूचि-१
### (दफा ५ को उपदफा (१) को खण्ड (ख) सँग सम्वन्धित)

**१. प्रारम्भिकः**

संक्षिप्त नाम र प्रारम्भः

(क) यो विधान................................................... महिला समुह/समितिको विधान हुनेछ ।

(ख) यो समूहको नाम.......................................... हुनेछ ।

(ग) यो विधान ..................................... महिला समूह/समितिको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

(घ) यस समूह/समितिकोको कार्यालय................................मा रहनेछ।

(ङ) समूह/समितिको सीमाना देहाय बमोजिम हुनेछ।

पुर्व...............................

पश्चिम.............................

उत्तर........................

दक्षिण......................

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

(क) समूह भन्नाले........................ महिला समूहलाई सम्झनुपर्छ।

(ख) समिति भन्नाले महिला विकास समूहको समग्र संख्यालाइ सम्झनुपर्दछ।

(ग) विधान भन्नाले महिला समूह/समितिको विधानलाई सम्झनुपर्छ।

(घ) साधारणसभा भन्नाले समूह/समितिको साधारण सदस्यहरूको भेला सम्झनुपर्छ।

(ङ) कार्यसमिति भन्नाले महिला विकास समूहबाट छनौट भएको समितिको कार्यसमिति सम्झनुपर्छ।

(च) बैठक भन्नाले समूह/समितिको संयुक्त वा छुट्टाछुट्टै बैठक समझनुपर्छ।

(छ) पदाधिकारी भन्नाले समूह/समितिका कार्यसमितिका अध्यक्ष सचिव कोषाध्यक्ष र सदस्यहरूलाई जनाउँछ।

**३. संगठित हुनेः**

(क) समितिको छुट्टै छाप हुनेछ। समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

(ख) समूह/समितिले चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न सक्नेछन तर आफ्नो अचल सम्पति बिक्रि गर्न भने पाउने छैन। समूह/समिति विघटन भए सो समूह/समितिको सम्पूर्ण चल अचल सम्पति गाउँपालिकामा हस्तान्तरण हुनेछ

**समितिका उदेश्यहरुः**

समूहको सामुहिक, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछः

(क) सामुहिक स्तरमा सक्षम र दिगो स्वायत्त समुहको विकास गर्ने

(ख) समुहको व्यक्तिहरुको आयमा वृद्धि गर्ने कार्यक्रमहरुको संचालन गरी गरिवी न्यूनीकरणमा मदत पुर्याउने।

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरका व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुर्याउने।

(घ) समुहलाई सहभागितात्मक योजना, अनुगमन र मुल्याङ्कन प्रकृयामा सक्रिय सहभागी बनाउने।

**महिला विकास समुहको कार्यसमितिको गठनः**

महिला समुहको गठन देहाय बमोजिम हुनेछः

(क) प्रत्येक घरबाट एक महिला सदस्य एक घर एक महिला रहने गरी टोल स्तरमा एक महिला समुह गठन गर्ने।

(ख) समुहमा उपस्थित भएका सदस्यहरुको सर्वसम्मत निर्णयबाट मनोनित गरी अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र आवश्यकता अनुसार सात जना सदस्यहरु रहेको एक महिला समुहको कार्यसमिति गठन हुनेछ।

(ग) महिला समुह कार्यसमितिको कार्यकाल प्रत्येक दुई वर्षमा आपसी सहमतिमा हेरफेर गर्न सकिने छ।

**समुहका कार्यहरुः**

महिला विकास समुहका कार्यहरु देहाय बमोजिम हुनेछः

(क) प्रत्येक टोल स्तरमा सम्भव भए सम्म सबै घर परिवारका महिला सदस्य सहभागी भएको महिला समुहहरु गठन गर्ने

(ख) समुहका सदस्यहरुलाई उद्यमशीलता तर्फ गराउन आवश्यक पहल गर्ने तथा सोहि बमोजिमका कार्यक्रमहरु संचालन गर्ने।

(ग) एच.आई.भी./एड्स, अन्धविश्वास, छाउपडि प्रथा, बाल विवाह, बहु विवाह, जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु संचालन गर्ने।

(घ) विभिन्न सामाजिक, आर्थिक तथा जनसरोकारका विषयहरुमा महिलाहरुलाई जागरुक गराउने।

(ङ) आफ्नो समुदायलाई वातावरण तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु संचालन गर्ने।

(च) समुदायमा महिलाहरुको सशक्तिकरण तथा विकासका लागि विभिन्न स्रोतबाट प्राप्त साधन स्रोतको उच्चतम सदुपयोग गर्ने।

(छ) समुदायका महिलाहरुलाई आयआर्जनका क्षेत्रमा अगाडि बढाउन आवश्यक तालिमहरु प्रदान गर्ने।

(ज) टोल तथा गाउँ समाजका विभिन्न विकास निर्माणका कार्यहरुमा महिलाहरुको उच्चतम सहभागिता जनाउने।

**महिला विकास समुहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

महिला समुहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

- समुहको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने।
- बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने।
- बैठक अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने।
- छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने।
- निर्णयहरु लागु गर्ने र गर्न लगाउने।
- विकासको कार्यमा सवैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।
- समुहले आर्जन प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने।
- विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।
- कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने।

**(ख) समुहका सचिवको काम कर्तव्य र अधिकार**

- अध्यक्षको आदेश अनुसार बैठक बोलाउने
- एक तिहाइ सदस्यले विशेष बैठकका लागी लिखित माग गरेमा विधान बमोमोजिम बैठक बोलाउने।
- छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि निर्णय प्रमाणित गराउने।
- समितिको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने।
- तोकिएका अन्य कार्य गर्ने।

(ग) समुहको कोषाध्यक्षको काम कर्तव्य र अधिकार

- समुहको आम्दानी र खर्चको विवरण तयार गर्ने ।
- बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने।

- समुहको नगद र जिन्सी समानको जिम्मा लिई सुरक्षा गर्ने।

**(घ) समुहका सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

- गाउँपालिका, वडा वा महिला विकास समितिसँग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने।
- समुहको हिसाव किताव जाँच गर्ने।
- समुहका पदाधिकारीहरुले गरेका कामको मुल्यांकन नियमित रुपमा गर्ने ।
- आवश्यकता अनुसार समुह संचालनका लागि निति नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने।
- आवश्यकता अनुसार अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सघाउने।
- तोकिएको अन्य कार्य गर्ने।

**सदस्यता समितिमा सदस्यता देहाय बमोजिम हुनेछः**

(क) यस विधानको उद्देश्य बमोमोजिम समुह प्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने टोलका प्रत्येक घरधुरीका महिला सदस्य यस समुहको सदस्य हुनेछ।

(ख) सदस्य बन्न इच्छुक नयाँ महिलालाई समुहले तोके बमोजिम समुहमा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ।

**सदस्यता नरहने देहायको अवस्थामा सदस्य रहेन छैन**

(क) सदस्यको मृत्यु भएमा

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन समुहले स्वीकृत गरेमा तर समुहको निर्णयउपर चित्त नबुझेमा साधारणसभामा पेश गर्ने र साधारण सभाको निर्णय अन्तिम हुनेछ।

(ग) सदस्यता शुल्क नतिरेको वा समुहको निर्णय पालना नगरेमा समुहले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

(घ) समुहलाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन , आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई समुहले सदस्यबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धित सदस्यलाई सफाइ दिने अवसरबाट बन्चित गरिने छैन। यस सम्बन्धि अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ।

(ङ) नेपालको प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा।

**साधारण सभाको गठन र कार्य प्रणाली**

साधारण सभाको गठन र कार्यप्रणाली देहाय बमोजिम हुनेछ।

- समुहको /समितिको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ।
- साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितीमा समितिको सचिव र निजको पनि अनुपस्थितीमा समितिको ज्येष्ठ सदस्यले गर्नेछ।
- साधारण सभा समूह/समितिको सर्वोच्च निकाय हुनेछ।

**साधारण सभाको काम, कर्तव्य र अधिकार साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।**

- अध्यक्ष, सचिव र कोषाध्यक्षले क्रमशः आ-आफ्नो क्षेत्रमा परेका कार्यसम्बन्धी वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने।
- वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने।
- सवै सदस्यहरु भेला हुने समितिको विधान संशोधन गर्ने।
- आवश्यकता अनुसार सल्लाहकार मनोनयन गर्ने।
- समुह/समितिको वार्षिक कार्ययोजना स्वीकृत गर्ने।

**१२.आर्थिक व्यवस्था**

क समूहको देहायबमोजिम आर्थिक स्रोत हुनेछ।

-सदस्यबाट प्राप्त रकम

- सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त अनुदान ( समूहको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार

-अन्य आम्दानी

ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी समूहको हुनेछ।

ग) समूह/समितिको नाममा प्राप्त वा खरिद चल अचल सम्पतिको परिचालन र प्रयोग तोकिएबमोजिमको हुनेछ।

**१३. कार्यसमिति वा पदाधिकारीको राजीनामा**

क) समूह/समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछ।

ख) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत समूहको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समूह/समितिले सिफारिस गरि समुह/समितिले निर्ण गरे बमोजिम हुनेछ।

**१४. विघटन**

समूह/समितिको विधान बमोजिम कार्यसञ्चालन गर्न नसकी वा उद्देश्य पूरा गर्न असफल भए वा २ वर्षसम्म समूह/समिति नविकरण नभएमा विघटन हुनेछ। यसरी समूह विघटन भएमा वचत रकम सम्पूर्ण सदस्यहरुलाई फिर्ता गर्नुपर्नेछ।

**१५. विविध**

क विधान संशोधन गर्नुपर्ने भएमा कार्यसमितिले स्वीकृत गरिसकेपछि साधारण सभामा पेश गरिनेछ।साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले विधान संशोधन हुनेछ।

ख) प्रचलित ऐन नियमहरुसँग बाझिएका बुँदाहरु हदसम्म स्वतः खारेज हुनेछ।

## अनुसूची -२

दफा ५ को उपदफा (१) को खण्ड ग सँग सम्बन्धित

महिला विकास समूह/समिति लाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्रुतु खारानेटा रुकुम पश्चिम।

विषय- महिला विकास समूह/समिति दर्ता सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयमा यस त्रिवेणी गाउँपालिका वडा नं. ...........को ....................... टोलमा गठन गरिएको तपसिल बमोजिम पदाधिकारी रहेको .................................. महिला विकास समूह/समितिलाई तहाँ गाउँपालिका कार्यालयमा दर्ता / सूचीकृत गरी महिला विकास समूह/समिति प्रमाण पत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ।

| क.स. | नाम थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १. | | अध्यक्ष | | |
| २. | | उपाध्यक्ष | | |
| ३. | | कोषाध्यक्ष | | |
| ४. | | सचिव | | |
| ५. | | सदस्य | | |
| ६. | | ........ | | |

## अनुसूची ३

दफा ५ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय सिम्रुतु खारानेटा रुकुम पश्चिम।

प्रमाणपत्र।

त्रिवेणी गाउँपालिका वडा नं. ...... स्थित .........................मा गठन भएको .....................महिला विकास समूह/समिति लाई यस कार्यालयमा मिति ...................मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ। यस गाउँपालिकाको शैक्षिक, आर्थिक, सामाजिक, भौतिक, पूर्वाधार सुशासन, लैङ्गिक समानता महिला विकास तथा सशक्तिकरण लगायतका क्षेत्रमा यस महिला विकास/समूह/समितिको सहभागिताको अपेक्षाका साथै उत्तरोउत्तर प्रगतिको सुभकामना व्यक्त गर्दछ।
दर्ता नम्बरः
दर्ता मितिः

..............
प्रमुख प्रशासकीय अधिकृत

**अनुसुची ४**

दफा ५ को उपदफा (१) को खण्ड (ङ)  सँग सम्बन्धित

**महिला विकास समूह/समिति नविकरण**

महिला विकास समूह/समितिको नामः

ठेगानाः

| क्र.स. | नविकरण गरेको मिति | समूह/समिति दर्ता नं. | अवधि | | प्रमाणित गर्ने पदाधिकारीको सहि | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | देखी | सम्म | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |